# रेडप्लस र कार्बन व्यापार सम्बन्धी संवैधानिक, कानुनी तथा नीतिगत प्रावधान

## १. पृष्ठभूमी

वन विनास तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरे वापत विकासोन्मुख मुलुकलाई विकसित राष्ट्रहरुबाट प्रोत्साहन स्वरुप प्राप्त हुने भूक्तानीको अवधारणालाई समग्रमा रेडप्लस भनिन्छ । यसै अवधारणालाई नेपालले पनि अवलम्बन गरी कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यस कार्यक्रमबाट वन क्षेत्रमा सञ्चालन भैरहेको कार्यहरु लगायत वन क्षेत्रको संरक्षण सम्वर्द्धनबाट सञ्चित हुने कार्बनलाई विश्व बजारमा कार्बन व्यापारको माध्यमबाट विक्री गरी लाभ हासिल गर्दै वनको दिगो व्यवस्थापन सहितको दीर्घकालीन रुपमा वातावरण सन्तुलन तथा कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न योगदान गर्ने उद्देश्य रहेको छ ।

नेपालमा रेडप्लस कार्यक्रम अनुरुप वि.सं. २०७५ (सन् २०१८) मा नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाहरु (कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलबस्तु, रुपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), नवलपरासी (बर्दघाट सुस्ता पूर्व), चितवन, पर्सा, बारा र रौतहट) मा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज बनाई कार्यान्वयनमा रहेको छ । कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम सञ्चालन गरी वि.सं. २०८५ (सन् २०२८) सम्म करिब ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन कम गर्ने लक्ष्य लिएको छ।

नेपालले सञ्चालन गरिरहेको कार्यक्रमबाट वि.सं. २०७५ देखी २०८५ सम्ममा न्यूनीकरण गर्न सक्ने संभाव्य कार्बनको मात्रालाई विश्व बजारमा विक्री गर्न सक्ने व्यवस्था बमोजिम विद्यमान सञ्चालनमा रहेको रेडप्लस कार्यक्रमबाट लाभ लिन सकिने अवस्था रहेको छ ।

रेडप्लस कार्यक्रम, उर्त्सजन न्यूनीकरण कार्यक्रम र कार्बन व्यापारको विषयमा विद्यमान संवैधानिक, कानुनी र नीतिगत प्रावधानहरूको बारेमा यसमा संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

## २. संवैधानिक प्रावधान

नेपालको संविधानको भाग ५ मा रहेको राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट अनुरुप धारा ५७ को उपधारा १ बमोजिम सङ्घको अधिकार क्षेत्रमा (अनुसूची ५ को प्रकरण २७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, कार्बन सेवा रहेको छ । यसै गरी धारा ५१ को प्रकरण (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिहरू निम्न अनुसार रहेका छन्।

१) राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

२) वातावरणीय सन्तुलनका लागि आवश्यक भू–भागमा वन क्षेत्र कायम राख्ने,

३) प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने,

४) वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व ब्यहोर्नु पर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्वन गर्ने,

नेपालको संविधानको धारा ५९ को उपधारा (४) मा रहेको आर्थिक अधिकारको प्रयोगमा *संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्नेछ एवं त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा बस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानुन बमोजिम वितरण गर्नु पर्नेछ* भनी व्यवस्था रहेको छ ।

## ३. नीतिगत व्यवस्था

### ३.१ राष्ट्रिय वन नीति, २०७५

यस नीतिले *"कार्बन उत्सर्जन न्यूनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुर्याउने"* उद्देश्य लिएको छ । यसै गरी हरित उद्यम विकास र राष्ट्रिय समृद्धिमा योगदान अन्तर्गत कार्बन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाइनेछ भन्ने नीति उल्लेख गरेको छ ।

### ३.२ राष्ट्रिय वातावरण नीति, २०७६

यस नीतिको वातावरणीय न्याय अन्तर्गत रणनीति तथा कार्यनीतिमा *"वातावरणीय सेवाको प्रवर्द्धन गर्दै त्यसबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँट गरिनेछ"* भन्ने उल्लेख गरिएको छ । यस नीतिको कार्यान्वयनमा संघको भूमिकामा *"कार्बन सेवा विषयमा प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन खाका तयार गरी कार्यक्रम कार्यान्वयन गर्ने "* भनिएको छ ।

### ३.३ राष्ट्रिय जलवायू परिवर्तन नीति, २०७६

यस नीतिको वन, जैविक विविधता तथा जलाधार संरक्षण अन्तर्गत रणनीति तथा कार्यनीतिमा *"वनमा कार्बन सञ्चितिलाई दिगो वन व्यवस्थापनबाट अभिवृद्धि गर्ने र रेडप्लस तथा स्वच्छ विकास संयन्त्रबाट प्राप्त हुने आर्थिक लाभलाइ न्यायोचित वितरण गरिनेछ "* भनी उल्लेख गरेको छ । यसको साथै जलवायु वित्त व्यवस्थापन अन्तर्गत रणनीति तथा कार्यनीतिमा *"रेडप्लस लगायत कार्बन व्यापारबाट द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय संयन्त्रको माध्यमद्वारा प्राप्त आर्थिक स्रोतलाई परिचालन गरिनेछ"* भनी उल्लेख गरिएको छ । कार्यान्वयनको लागि कानुनी संरचना तयार गर्नको लागी "*कार्बन व्यापारको लागि राष्ट्रिय रणनीति तयार गर्ने र कार्यान्वियन गर्ने* "उल्लेख गरिएको छ ।

यस नीतिले *"अन्तर्राष्ट्रिय संयन्त्रहरू मार्फत प्राप्त जलवायू वित्त परिचालन गर्दा प्रशासनिक खर्च कम गर्दै कम्तिमा ८० प्रतिशत रकम स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयनमा परिचालन हुने सुनिश्चीतता गरिने छ"* भनी व्यवस्था गरेको छ ।

### ३.४ वन क्षेत्रको रणनीति, २०७२

यस रणनीतिले जलवायू परिवर्तनलाई कसरी सम्बोधन गर्ने भन्ने विषयगत कार्ययोजनामा रेडप्लस रणनीति तयार गर्ने लगायत स्वयंसेवी बजार तथा अन्य संस्थाहरुसँग वित्तीय संयन्त्र मार्फत कार्बन बजारमा सहभागी हुने र सोबाट प्राप्त हुने लाभको गरीब तथा विपन्न सीमान्तकृत समुदायलाई न्यायोचित वितरण गर्ने उल्लेख गरिएको छ । यसै गरी कार्बन ट्रष्ट कोष स्थापना गर्ने पनि रहेको छ । यस रणनीतिले वन विनास रोक्न, अतिक्रमण नियन्त्रण गर्ने र वनको दिगो व्यवस्थापनलाई जोड दिएको छ ।

### ३.५ नेपाल रेडप्लस रणनीति, २०७५

यस रणनीतिले वनको पारिस्थितीकीय प्रणालीबाट कार्बन र गैरकार्बन लाभहरु अभिबृद्धि गर्ने मुख्य उद्देश्य राखेको छ । यस रणनीतिले रेडप्लस कार्यक्रम कार्यान्वयन गर्न संस्थागत संरचनाको व्यवस्था गरेको छ । यसै अनुरुप राष्ट्रिय रेडप्लस निर्देशक समिति माननीय वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा रहेको छ। यसले नीतिगतरुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय गर्ने कार्य गर्दछ । यस समितिलाई सहयोग तथा प्राविधिकरुपमा पृष्टपोषण गर्नको वन तथा वातावरण मन्त्रालयको सचिवको अध्यक्षतामा राष्ट्रिय रेडप्लस समन्वय समिति रहेको छ । रेड कार्यान्वयन केन्द्रले दुवै समितिको सचिवालयको रुपमा काम गर्दछ ।

### ३.६ नेपाल सरकारको १५ औं योजना

नेपाल सरकारको १५ औं योजनाको जलवायु परिवर्तन विषयगत क्षेत्र अन्तर्गत चुनौति तथा अवसरमा कार्बन उत्सर्जन न्यूनीकरणका लागि कार्बन व्यापारमा भाग लिन क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विधि तथा संरचनाहरु स्थापित हुनु, वातावरणमैत्री विकास तथा कार्बन पदचाप प्रतिस्थापनका लागि वातावरणीय सेवाको भूक्तानी प्रणालीको स्थापना गर्न सक्ने अवस्था रहनु, कार्बन सञ्चितिबाट अन्तर्राष्ट्रिय भूक्तानीमा पहुँच पुऱ्याउँदै जलवायू परिवर्तनका क्षेत्रमा उपलब्ध अन्तर्राष्ट्रिय सहयोग र सुविधालाई नेपालको प्राथमिकता अनुरुप परिचालन गरी जलवायूमैत्री विकास कार्यक्रममा समावेश गर्दै राष्ट्रिय समृद्धिमा टेवा पुऱ्याउन सकिनु प्रमुख अवसर हुन् भनी उल्लेख गरिएको छ । यस विषयगत क्षेत्रको उद्देश्यको बुँदा नं ३ मा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि पेरिस सम्झौता लगायतका माध्यमबाट उपलब्ध अन्तर्राष्ट्रिय वित्त र प्रविधिमा दाबी गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्नु समेत रहेको छ ।

यसै गरी यस योजनाको रणनीति तथा कार्यनीतिमा निम्न बमोजिम उल्लेख गरिएको छ ।

#### रणनीतिहरु

- समुदायको संकटापन्नता घटाई समानुकुलित तुल्याउन राष्ट्रिय, प्रादेशिक एवम् स्थानीय अनुकूलन योजना कार्यान्वयन गर्ने ।
- जलवायु वित्तमा सहज पहुँचको लागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्दै सम्भावित लाभहरुलाई प्रदेश, स्थानीय तह र समुदायसम्म पुऱ्याउने ।

#### कार्यनीतिहरु

- समुदायमा आधारित वन व्यवस्थापन योजनाहरुलाई कार्बन सञ्चिति र जलवायू परिवर्तन अनुकूलनमैत्री बनाइनेछ ।
- द्विपक्षीय तथा बहुपक्षीय भूक्तानीका संभावित क्षेत्रहरु जस्तै रेडप्लस, हरित जलवायू कोष, अन्तराष्ट्रिय वातावरणीय सुविधा, अनुकूलन कोष, जलवायु लगानी कोष जस्ता संयन्त्र र अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता र समन्वय मार्फत वित्त तथा प्रविधि भित्र्याउन पहल गरिनेछ ।

### ३.७ नेपाल सरकारको नीति तथा कार्यक्रम

नेपाल सरकारको आ.व. २०७७।७८ को नीति तथा कार्यक्रमको बुँदा नं १३० मा *"विपद व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ"* भनी उल्लेख गरिएकोमा नेपाल सरकारको आ.व. २०७७।७८ को बजेट वक्तव्यको बुँदा नं १२४ मा *"वन क्षेत्रबाट कार्बन व्यापारको लाभ लिन रेडप्लस कार्यक्रमलाई निरन्तरता दिइनेछ"* भनी उल्लेख गरिएको छ ।

## ४. कानूनी प्रावधान

### ४.१ वन ऐन, २०७६

वन ऐनमा वातावरणीय सेवा भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने कार्बन सेवा र सोबाट प्राप्त हुने लाभलाई समेटिएको छ । परिच्छेद १३ वातावरणीय सेवा सम्बन्धी व्यवस्था अन्तर्गत दफा ४४ मा *"जलवायु परिवर्तन अनुकूलन र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको हकमा नेपाल सरकारले निर्धारण गरे बमोजिम व्यवस्थापन, उपयोग तथा लाभांशको बाँडफाँट हुनेछ"* भन्ने व्यवस्था गरिएको छ ।

वन ऐन, २०७६ को दफा ४५ मा नेपाल सरकारले ऐनको उद्देश्य कार्यान्वयन गर्न, वनको संरक्षण र सम्वर्द्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यको लागि एक वन विकास कोषको स्थापना गर्न सक्ने र वातावरण सेवाबाट प्राप्त रकम समेत सो कोषमा रहने व्यवस्था रहेको छ ।

वन ऐन २०७६ को कार्यान्वयनको लागि वन नियमावलीको मस्यौदा तयारी भैरहेको छ ।

### ४.२ वातावरण संरक्षण ऐन, २०७६

यस ऐनको दफा (२८) मा कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था बमोजिम उपदफा (१) मा *"नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितिकरणका लागि अन्तर्राष्ट्रिय*

*सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यवसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्नेछ"* भन्ने उल्लेख छ ।

### ४.३ वातावरण संरक्षण नियमावली, २०७७

यस नियमावलीको दफा (२८) मा कार्बन व्यापारमा भाग लिन सक्ने नियममा वनसंग सम्बन्धित निम्न बमोजिम उपनियमहरु समावेस गरिएको छ ।

(१) नेपाल सरकारले वनको दीगो व्यवस्थापन मार्फत घटेको कार्बन उत्सर्जन वा बढेको कार्बन सञ्चितिलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न सक्नेछ ।

(२) कुनै सरकारी निकाय, संस्था वा निजी क्षेत्रबाट सञ्चालित कुनै सामाजिक तथा आर्थिक क्रियाकलापबाट कार्बन वा अन्य हरितगृह ग्याँसको उत्सर्जन भइरहेको अवस्थामा सो उत्सर्जनलाई घटाउने कार्य गरेमा त्यसरी घटेको उत्सर्जनको परिमाणलाई समेत नेपाल सरकार आफैंले वा कुनै संस्था वा निजी क्षेत्र मार्फत राष्ट्रिय वा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम कार्बन व्यापार गर्नु अघि सरकारी निकाय वा यस कार्यमा सहभागी हुने संस्था वा निजी क्षेत्रले उत्सर्जन घटाउने वा कार्बन सञ्चिति बढाउने स्थानीय समुदाय तथा तत्सम्बन्धी क्रियाकलापबाट प्रभावित समुदायको स्वतन्त्र पूर्व सुसूचित सहमति लिनु पर्नेछ ।

(५) उपनियम (१) वा (२) बमोजिमको कार्य गर्दा उत्सर्जन न्यूनीकरण वा कार्बन सञ्चितिको प्रति एकाइ मूल्य नेपाल सरकारले खरिदकर्ता मुलुक वा संस्थासँग आपसी वार्ता तथा सम्झौताद्वारा तय गर्नेछ ।

(६) कुनै निजी वन धनीले आफ्नो हकभोगको वनलाई कार्बन व्यापारमा समावेश गर्न चाहेमा त्यस्तो धनीसंग कार्ययोजना बमोजिम काम गर्ने शर्तमा मन्त्रालयले कार्बन व्यापारमा समावेश गर्न सक्नेछ ।

(७) उपनियम (१), (२) वा (३) बमोजिम कार्बन वा अन्य हरितगृह ग्याँसको उत्सर्जन घटाउने वा कार्बनको सञ्चिति बढाउने कार्य गर्दा जैविक विविधतामा ह्रास नआउने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(८) यस नियम बमोजिम कार्बन व्यापार गर्दा जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धिका व्यवस्था समेत पालना गर्नु पर्नेछ।

## ५. उपसंहार

वन क्षेत्रमा रेडप्लस कार्यक्रम कार्यान्वयन गरी विश्व बजारबाट कार्बन विक्री वापत प्राप्त लाभहरु प्राप्त गर्ने अवसर रहेको र यस कार्यक्रम कार्यान्वयन गर्दा सहलाभहरु जस्तै जैविक विविधताको संरक्षण, वनको दिगो व्यवस्थापन भै वन पैदावरको सहज आपूर्ति हुने, स्थानीय समुदायहरुको जीविकोपार्जनमा टेवा पुग्न जाने भएकोले सकारात्मक लाभको लागी नेपालले लिएको नीति तथा वैधानिक व्यवस्थाहरुलाई मूलप्रवाहीकरण गरी सबै क्षेत्रबाट अपनत्व लिन सकेमा यसको सफल कार्यान्वयन हुने आशा गरिएको छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाडौं

फोन नं. : ०१-४२३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

तयार गर्नेः पशुपतिनाथ कोइराला, बुद्धिसागर पौडेल, शंकर अधिकारी र यज्ञमूर्ति खनाल